नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
## Financial Comptroller General Office

पत्र संख्याः- क.प्र. क/०७६/७७ कर्मचारी प्रशासन शाखा मितिः २०७७।०१।२४
चलानी नं.:- ५९२

नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालय अनामनगर, काठमाडौं

**विषयः- आवश्यक राय सम्बन्धमा ।**

श्री बुढीगंगा नगरपालिका
कुल्देवमाण्डौ, बाजुरा ।

प्रस्तुत विषयमा तहाँ नगरपालिकाको प.सं. २०७६/७७ च.न.१३९८ मिति २०७७/०१/१८ को पत्रबाट तहाँ नगरपालिकामा समायोजन भएका तथा लोकसेवा आयोगबाट स्थानीय सेवा सुविधा पाउने गरी पदस्थापन भएका लेखा समूहका कर्मचारीहरु मध्ये कसबाट आर्थिक कारोबारको खाता संचालन गर्नु पर्ने हो स्पष्ट खुलाई आवश्यक निर्देशनको लागि यस कार्यालयमा अनुरोध भई आएकोमा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७ मा कार्यालयको नामको खाता संचालन कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको आर्थिक प्रशासन शाखाको कर्मचारीको संयुक्त दस्तखतबाट गर्नु पर्ने व्यवस्था रहेको छ । साथै स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ७३ को उपदफा (४) मा " स्थानीय संचितकोषको संचालन गाउँपालिका वा नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुख तथा जिल्ला समन्वय समितिको कोषको संचालन जिल्ला समन्वय अधिकारी र लेखा प्रमुखले गर्नेछ" भन्ने व्यवस्था रहेको छ ।

समायोजन पश्चात सम्पूर्ण कर्मचारीहरु तत्कालको लागी स्थानीय सेवाका कर्मचारी रहेको हुँदा तहाँ नगरपालिकाको खाता संचालन नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुख (लेखा समूहका सबैभन्दा बरिष्ठ कर्मचारी) बाट गर्ने व्यवस्था हुन यस कार्यालयको मिति २०७७/०१/२४ को निर्णयानुसार अनुरोध छ ।

दाता राम शर्मा
लेखा अधिकृत

बोधार्थः-
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार,काठमाडौं । (सम्पूर्ण स्थानीय तहमा उपरोक्त व्यवस्था कार्यान्वयन लागी । )